**निर्णयहरु:-**

**निर्णय नं. १** चुरे गाउँपालिकाको आ.व. २०८२/०८३ वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गरी सभामा पेश गर्ने।

**निर्णय नं. २** चुरे गाउँपालिकाको आ.व. २०८२/०८३ मा गाउँपालिकाको आन्तरिक आय सँग सम्बन्धित कर करका दर सहितको अनुसुची सहित गाउँपालिकाको अर्थ सम्बन्धी व्यवस्था गर्न भनेको विधेयक, (आर्थिक विधेयक) २०८२ स्वीकृती गरी सभामा पेश गर्ने।

**निर्णय नं. ३** चुरे गाउँपालिकाको आ.व. २०८२/०८३ को बार्षिक आय व्यय लाई व्यवस्थापन गर्नको लागि बनेको विधेयक , विनियोजन विधेयक, २०८२ स्वीकृती गरि सभामा पेश गर्ने।

**निर्णय नं. ४** चुरे गाउँपालिकाको आ.व. २०८२/०८३ को बार्षिक बजेट निर्माणको लागि बनेको ३ बर्षको यथार्त, प्रक्षेपित तथा अनुमान सहितको मध्यम कालिन खर्च संरचना स्वीकृत गरि समामा पेश गर्ने।

**निर्णय नं. ५** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहमा प्राविधिक सहायक तथा रोजगार सहायक पदपुर्ति मापदण्ड, २०७८ बमोजिम नियुक्त भएका प्राविधिक सहायक र रोजगार सहायकको युवा रोजगारीका लागि रुपान्त्रण पहल आयोजनाको बजेट उपशिर्षक नं. ३७१००१०३ बाट सशर्त अनुदान मार्फत वित्तिय हस्तान्त्रणबाट त.भ व्यवस्थापन हुँदै आएकोमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको प.सं. २०८१/०८२ च.नं. / pmep/ ४१९, मिति २०८२।०२।०१ गतेको प्राप्त पत्रानुसार आयोजनाको समायवधी २०८२ अशाढ मसान्तमा समाप्त हुने भएको हँदा माग र आवश्यकताको आधारमा स्थानीय तहबाट सोही पत्र मार्फत नियमानुसार जनशक्ति व्यवस्थापन गर्न अनुरोध भई आएको र जनशक्ति व्यवस्थापन गर्नुपर्ने आधार र कारण उल्लेख भई आएको हँदा यस गाउँपालिकाको रोजगार सेवाकेन्द्रमा कार्यरत कर्मचारी प्राविधिक सहायक र रोजगार सहायकलाई कामकाज गराउन आगामी आ.व.हरुमा निरन्तरता दिने गरी प्रस्ताव गाउँसभामा लैजाने।

**निर्णय नं. ६** चुरे गाउँपालिका जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजना अन्तर्गत आ.व. २०८१/०८२ को स्वीकृत अनुमानित बार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका बजेट शिर्षकका योजनाको नाम संसोधन गर्ने।

तपसिल:

| सि.नं | बजेट शिर्षक नं. | योजनाको नाम | संसोधित नाम |
|---|---|---|---|
| १ | ३११५९ | कोट सिचाँई योजना(पोखरी र पाईप सहित) | कोट बहुउपयोगी खानेपानी योजना |
| २ | ३११५९ | पानि पुनर्भरण( रिचार्ज पोखरी)निर्माण योजना | जौं खेत ठुलीखाली वायोइन्जीनियरिङ योजना |

Scanned with CamScanner

निर्णय नं. ७ चुरे गाउँपालिकाको आर्थिक सहायता कार्यविधि, २०७६ अनुसार तपसिल बमोजिमका व्यक्ति तथा संस्थाहरुलाई देहाय बमोजिमको आर्थिक सहयोग गर्ने ।

| क्र.स. | व्यक्तिको नाम/थर | ठेगाना | सहयोग रु. | बजेट शिर्षक |
|---|---|---|---|---|
| १ | चुरे वातावरण संरक्षण मंच | कैलाली | रु. १,००,०००।०० | चुरे वातावरण जैविक विविधता संरक्षण मञ्च |
| २ | भक्त बहादुर तरामी | चुरे-२ खैराला | रु.२५०००।०० | आर्थिक सहयोग |
| ३ | चक्र बहादुर शाह | चुरे -४ बालुवागडा | रु. २५०००।०० | आर्थिक सहयोग |
| ४ | विरुवा दमाई | चुरे-६ गढी | रु.२००००।०० | आर्थिक सहयोग |
| ५ | सुरत बहादुर साउँद | चुरे-६ ढुङ्गेनी | रु.१५०००।०० | आर्थिक सहयोग |
| ६ | गौरीगंगा -११ स्पोर्ट्स क्लब | गौरीगंगा नगरपालिका | रु.२५०००।०० | आर्थिक सहयोग |
| ७ | मलकटेश्वर मा.वि. स्मारिका | चुरे-६ कैलाली | रु. २५०००।०० | आर्थिक सहयोग |
| ८ | कमला सिंह | वडा नं -६ | रु. २५०००।०० | आर्थिक सहयोग |
| ९ | बुढीगंगा नगपालिका, ( बाम्का आगलगी) | बाजुरा | २५०००।०० | आर्थिक सहयोग |

निर्णय नं. ८ चुरे गाउँपालिका न्यायीक समिति पदाधिकारी तथा मेलमिलापकर्ताहरुलाई अवलोकन भ्रमण गर्दा रकम अपुग रकम गाउँपालिकाको विविध खर्च शिर्शक बाट रु. १,००,०००।०० विनियोजन गरी सोको भुक्तानी दिने।

निर्णय नं. ९ आ.व. २०८२/०८३ मा चुरे गाउँपलिका र LACC परियोजनाको साझेदारीमा संचालन हुने क्रियाकलापहरुमा त्रिपक्षिय सम्झौता अनुसारको व्ययभार हुनेगरी तपसिल बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने।

निर्णय नं. १० LAAC परियोजना द्वारा संचालन हुने क्षमता विकास सम्बन्धी क्रियाकलापमा परियोजनाबाट खर्च मापदण्ड स्वीकृत भइर नआउदा सम्म चुरे गाउँपालिकाको कार्यसंचालन कार्यविधि, २०८१ तथा अर्थमन्त्रालयको कार्यसंचालन निर्देशिका २०८१ बमोजिम नै हुने।

निर्णय नं. ११ चुरे गाउँपालिकाको सम्पूर्ण दर्ता/ नम्बरी जग्गाको तपसिल बमोजिमको न्यूनतम मुल्याङ्कन कायम गरी भुमी सुधार तथा मालपोत कार्यालय, धनगढी , कैलालीलाई लेखी पठाउने

Scanned with CamScanner

**निर्णय नं. १२** चुरे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारी ( कार्यालय सहयोगी) नरेश बम कामकाजको सिलसिलामा वडा नं. २ र ४ जाने क्रममा मोटर साईकल दर्घटनामा परी गम्भिर घाईते भएको र हाल सम्म पनि अस्पतालमा भर्ना भई उपचार गराईरहेकोमा निजको पत्नी श्री तारा कुमारी मल्लले आफ्नो घरको अवस्था समेत एकदम कमजोर रहेको , घरमा बालबच्चाको लालन पालन तथा घाईते श्रीमानको उपचार गर्न समेत मुस्किल भईरहेको र सोको लागि निजलाई कार्यालय सहयोगी पदमा नियुक्ति गरी घाईते श्रीमानको उपचार तथा बालबच्चाको लालनपालन गर्न केही सहज हुने भनी यस कार्यालयमा निवेदन दिएको हुँदा निजलाई सार्वजनिक खरिद ऐन २०६३ को दफा ४३ तथा सार्वजनिक खरिद नियमावली२०६४ को नियम ९५ बमोजिम सोझै सेवा करार सम्झौता गरी २०८२ साउन १ गते देखी लागु हुने गरी कामकाजमा लगाउने ।

**निर्णय नं. १३** चुरे गाउँपालिकामा संचालन हुने सम्पूर्ण योजना तथा कार्यक्रम सहित तपसिल बमोजिमको आ.व. २०८२/०८३ को बार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गरी गाउँ सभामा पेश गर्ने।

Scanned with CamScanner